प्रश्नहरू

(क) उपर्युक्त उद्धरणका लेखक को हुन् ?

(ख) यो कुन छन्दमा लेखिएको छ ?

(ग) 'सुनको दिन' भन्नुको तात्पर्य के हो ?

(घ) यस उद्धरणमा कुन विषयको वर्णन गरिएको छ ?

(ङ) 'जल चंचल भइकन गाउनु'को अर्थ के हो ?

4. तलका कुनै एक उद्धरणको प्रसङ्ग निर्देश गर्दै त्यसका विषयवस्तु, कथनपद्धति, भाषाशैली अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् ।

(क) सुखमय पारी सब संसार
आयो रसिलो चाड तिहार
बन्दछ मानू सबको कमि
खुसि छन् राजा रैती तमाम ॥ ('तिहार' कविताबाट)

(ख) 'त्यो छानो कसले छाउँछ ?' मैले दाजु सागरसँग सोधें । भत्के के भो, हाम्रो घर होइन' दाजुले भन्नु भयो । मैले दाजुलाई कुरा बुझाउन सकिनँ । मेरो विचारमा त्यो पाटी भत्कनु ठीक होइन भन्ने लाग्यो ।' ('सातदिने सभा'बाट)

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) ध्रुव घिमिरेको 'खुट्टा गन्ने खेल' र रमेश श्रेष्ठको 'मैले बिर्सन नसकेको साथी' कृतिहरू कुन कुन विधाभित्र पर्दछन् ?

(ख) 'सन्तको छाता' र 'अन्नपूर्ण पियेकस' कृतिका लेखक को को हुन् ?

(ग) 'जादुको बाकस' र 'सुन र पंछी चरी' कृति कुन कुन विधाभित्र पर्दछन् ?

(घ) 'आनन्दको आविष्कार' कुन विधाको कृति हो र यसका लेखक को हुन् ?

(ङ) देवीप्रसाद वनवासीका कुन कुन कृतिहरू यस पाठ्यांशमा समाविष्ट छन् ?

**(f) नेपालका विविध भाषाको साहित्यिक रूपरेखा Full Marks : 50 Times M: 1.5 hrs**

1. नेपालको संस्कृत महाकाव्य परम्पराको विवेचना गर्नुहोस् । १५

अथवा

नेवारी नाट्य परम्परामा देखा परेका प्रमुख प्रवृत्तिहरूको निरुपण गर्नुहोस् ।

2. कुनै चार प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ४× ७.५=३०

(क) आधुनिक मैथिली कविताका मुख्य प्रवृत्ति के के हुन् ?

(ख) वर्तमान समयमा अवधि साहित्यको स्थिति के कस्तो रहेको छ ?

(ग) नेपालको तामाङ साहित्यमा देखा परेका प्रमुख प्रतिभा र तिनका मुख्य योगदान के के हुन् ?

(घ) राई भाषामा साहित्य सृजना परम्परा के कस्तो रहेको छ ?

(ङ) गुरुङ भाषाका प्रमुख कवितहरू को को हुन् र तिनका मुख्य योगदान के कस्ता छन् ?

(च) वर्तमान समयमा थारु साहित्यको के कस्तो अवस्था रहेको छ ?

3. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) 'जयरत्नाकरनाटकम्' कृतिका लेखक को हुन् ?

(ख) मैथिली साहित्य अन्तर्गत 'देवात्मा हिमालय' कुन विधाको कृति हो ?

(ग) नेवारी साहित्यको 'गंगा-ममता' नामक कृतिका लेखक को हुन्?

(घ) 'मुन्धुम' नेपालको कुन भाषासँग सम्बद्ध छ ?

(ङ) थारू भाषा साहित्यको सम्वर्धनमा क्रियाशील राष्ट्रिय स्तरको प्रमुख संस्थाको नाम के हो ?



Question Bank Nepal

(g) भारतीय नेपाली साहित्य　Full Marks : 50　Times : $1^1/_2$ hrs

1. भारतीय नेपाली कविताको विकास प्रक्रियाको चर्चा गर्नुहोस् । १५

अथवा

लक्खीदेवी सुन्दासका समालोचनात्मक प्रवृत्तिको विवेचना गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'यो एउटा दिन' कविताको मूल भाव के हो ?

(ख) 'अपराजिता' कथाको मूल सन्देश के हो ?

(ग) 'मेरो सिद्धान्त विहीन सिद्धान्त' निबन्धमा निबन्धकारले सिद्धान्तबारे के कस्तो मान्यता व्यक्त गरेका छन् ?

3. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : ७.५

ऋतुधनलाई पनि काल विभाजन गरी कुन मानव अवस्थासित तुलना गरे कस्तो होला ? मेरो विचारमा शिशिर शैशवकै प्रतिरूप हो, जसमा शारीरिक शक्ति हुँदैन, रोदन र क्रन्दन मात्रै प्रतिबिम्वित हुन्छ - गाम्भीर्य कम्ती चाञ्चल्य ज्यादा । शिशुहरूमा पनि चञ्चलता नै ज्यादा पाइन्छ । चाञ्चल्यको अभाव भएन सबैको विकास कुँजिन्छ । मध्य वसन्तमा पल्लवहरूको पौले लागे पनि, कोपिला फक्रिए पनि पुराना पात र त वसन्तभन्दा पहिले नै झरिसकेर तरुधन मञ्जरित हुन थाल्छन् । त्यसैले शिशिरको अन्तिम भाग र वसन्तको प्रारम्भतिरलाई विश्वसृष्टिको सङ्केतस्थल सम्झन सकिन्छ ।

प्रश्नहरू

(क) यसमा शिशिरलाई कुन रूपमा लिइएको छ ?

(ख) यसमा चाञ्चल्यको अभावमा के हुन्छ भनिएको छ ?

(ग) क्रन्दन र गाम्भीर्यको अर्थ के हो ?

(घ) यसमा विश्वसृष्टको संकेतस्थल केलाई मानिएको छ ?

(ङ) यो अनुच्छेद कुन पाठबाट लिइएको छ ?

4. कुनै एक प्रश्नको प्रसङ्ग बताउँदै भाव, विचार, भाषाशैली तथा अन्य कलात्मक विशेषताहरूको व्याखया गर्नुहोस् । ७.५

(क) नयाँ चिल्लापाते विपुल विरुवाको सगबग ।
सुनौला आशाका कुसुम कलि गाँथी नवनव । ('उषालहरी'बाट)

(ख) कहाँदेखि हिमाल राम्रो देखिन्छ, हेर्दै सर्दै यहाँ आइपुगेका छौं । अब कहीं कतै जान मन लाग्दैन । बिहान झ्याल खोलेर हिमाल हेर्ने घर हामी प्रत्येकको हुनुपर्छ । ('हामी जस्तै मैनाकी आमा'बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् :

(क) 'नौ नामी नेता'को रचनाकार को हुन ?

(ख) 'ब्रह्मपुत्रको छेउछाउ' उपन्यासका प्रमुख चरित्र को को हुन् ?

(ग) 'यो एउटा दिन' कविताका रचयिता को हुन् ?

(घ) 'जंय महाकाल कसको कृति हो ?

(ङ) 'टोलटोलाको फूल' कथा प्रमुख पात्रको नाम के हो ?

## Tribhuvan University, 2070

**Nepali 314 साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध सिर्जन विधि**

1. भामह र विश्वनाथका काव्यपरिभाषा प्रस्तुत गर्दै तिनका मुख्य विशेषताहरू केलाउनुहोस् । १५

अथवा

तलका प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

(क) भरतले रसनिपत्तिको निम्ति के कस्ता रससामग्रीको चर्चा गरेका छन् ?

(ख) रीतिवादका मुख्य मान्यता के के हुन् र यसका के कस्ता भेदहरू मानिएका छन् ?

2. समाजपरक समालोचनाका क्षेत्रमा टेनले प्रस्तुत गरेका आधारभूत मान्यताको विवेचना गर्नुहोस् । १५

अथवा

तलका प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

(क) परिष्कारवाद र स्वच्छन्दतावादका बिचमा के कस्ता भिन्नता पाइन्छन् ?

(ख) अस्तित्ववादका प्रमुख मान्यता के के हुन् ?

3. नेपाली साहित्यमा विधागत संकलन, सम्पादन र समालोचना लेखन परम्परामा ईश्वर बरालले दिएका मुख्य योगदानको चर्चा गर्नुहोस् । १५

अथवा

संक्षिप्त टिप्पणी लेख्नुहोस् :

(क) खोज - अन्वेषणात्मक नेपाली समालोचनाका मुख्य उपलब्धि

(ख) इन्द्रबहादुर राईका समालोचनात्मक विशेषता

4. तलका कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस : ३×७.५ =२२.५

(क) शब्दशक्ति भन्नाले के बुझिन्छ र यसका भेदहरू के के हुन् ?

(ख) अलंकारवादका प्रमुख मान्यता के के हुन् ?

(ग) आदिमतापरक समालोचना वाङ्मयका कुन कुन शास्त्रसँग संम्बन्धित छ ?

(घ) यथार्थवादका प्रमुख भेदहरूलाई कसरी चिनाउन सकिन्छ?

(ङ) तारानाथ शर्माका समालोचनामा के कस्तो विशेषता पाइन्छन् ?

5. कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ३×७.५ = २२.५

(क) शोध प्रस्तावमा शोधप्रतिवेदनको सम्भावित रूपरेखा कसरी निर्धारण गरिन्छ ?

(ख) शोधमा के कस्ता विधिहरूबाट सामग्री संकलन गर्न सकिन्छ ?

(ग) सिर्जनात्मक लेखन सामान्य लेखनभन्दा किन भिन्न हुन्छ ?

(घ) आख्यान र नाटक जस्ता सिर्जनात्मक विधामा पाइने समानता के क हुन् ?

(ङ) शोधप्रतिवेदनका प्रारम्भिक भागमा के के कुराहरू पर्दछन् ?

6. तलका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस : १०

(क) लक्षणा कति प्रकारका हुन्छन् ?

(ख) रससूत्रका उत्पत्तिवादी र भुक्तिवादी व्याख्याता को को हुन् ?

(ग) ध्वनिसिद्धान्तका प्रवर्तक को हुन् र उनको ध्वनिवादी ग्रन्थको नाम के हो ?

(घ) प्लेटो र युङ्ग कुन कुन समालेचना प्रणालीसँग सम्बन्धित छन् ?

(ङ) प्रतीकवाद र विसङ्गतिवादका प्रवर्तक को को हुन् ?

(च) 'सूक्तिसिन्धु' विवादसँग सम्बद्ध समालोचक को को हुन् ?

(छ) वासुदेव त्रिपाठीको पहिलो पुस्तकाकार सालोचना कृति कुन हो ?

(ज) मोहनराज शर्मा कुन धाराका समालोचकका रूपमा चर्चित छन् ?

(झ) सामग्रीको प्राथमिक स्रोत भन्नाले के बुझिन्छ ?

(ञ) सिर्जनात्मक विधा कविताको आधारभूत तत्त्व के हो ?

## Tribhuvan University, 2071

**Nepali 314 साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध सृजन विधि**

1. संस्कृत काव्यशास्त्रीहरूले दिएका काव्यपरिभाषाहरूको चर्चा गर्दै उपयुक्त परिभाषा प्रस्तुत गर्नुहोस् । १५

Question Bank Nepal

अथवा

तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् :

(क) लक्षणा र व्यञ्जनावृत्तिमा के कस्तो अन्तर पाइन्छ ?

(ख) रससूत्रको भुक्तिवादी व्याख्याका प्रमुख स्थापना के के हुन् ?

2. फ्रायडका मनोविज्ञानपरक समालोचनासम्बन्धी मान्यताहरूको विवेचना गर्नुहोस् । १५

अथवा

तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिनुहोस् :

(क) स्वच्छन्दतावादका प्रमुख मान्यता के के हुन् ?

(ख) उत्तर आधुनिकतावाद भन्नाले के बुझिन्छ ?

3. नेपाली समालोचनामा ईश्वर बरालले के कस्तो योगदान दिएका छन् ? विवेचना गर्नुहोस् ? १५

अथवा

तलका प्रश्नहरूको संक्षिप्त उत्तर दिंनुहोस् :

(क) कमल दीक्षितमा के कस्ता समालोचनात्मक विशेषता पाइन्छन् ?

(ख) वासुदेव त्रिपाठीले सैद्धान्तिक समालोचनाका क्षेत्रमा दिएका मुख्य योगदान के के हुन् ?

4. तलका कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ३×७.५=२२.५

(क) संस्कृत काव्यशास्त्रमा काव्यहेतुबारे के कस्तो चर्चा गरिएको छ ?

(ख) शब्दालङ्कार र अर्थालङ्कारमा पाइने भिन्नता के के हुन् ?

(ग) यथार्थवादका प्रमुख मान्यता के के हुन् ?

(घ) इन्द्रबहादुर राईका समालोचनात्मक विशेषता के के हुन् ?

(ङ) प्लेटो कस्ता समालोचक हुन् ?

5. कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ३×७.५=२२.५

(क) शोध समस्या भन्नाले के बुझिन्छ ?

(ख) आगमनात्मक र निगमनात्मक विधिमा कस्तो भिन्नता पाइन्छ ?

(ग) सन्दर्भग्रन्थसूची के कस्ता ढाँचामा दिन्छ ?

(घ) सिर्जनात्मक लेखन सामान्य लेखनभन्दा कसरी भिन्न हुन्छ ?

(ङ) नाटक र आख्यानको सिर्जनामा पाइने अन्तरहरू के के हुन् ?

6. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : १०

(क) रसका कति प्रकार मानिएका छन् ?

(ख) ध्वनिसम्प्रदायको प्रवर्तन कसको कुन कृतिबाट भएको हो ?

(ग) रीतिका के कस्ता भेदहरू मानिएको छ ?

(घ) एडलर र युङ्ग कुन समालोचना प्रणालीसँग सम्बन्धित छन् ?

(ङ) अतियथार्थवाद भन्नाले के बुझिन्छ ?

(च) 'सूक्तिसिन्धु' विवादसँग जोडिएको दुई जना समालोचक को को हुन् ?

(छ) गोविन्द भट्ट कुन धाराका समालोचक हुन् ?

(ज) शैलीवैज्ञानिक समालोचनासंग सम्बद्ध दुई नेपाली समालोचकहरू को को हुन् ?

(झ) कविता र निबन्धको सिर्जनामा के कस्तो भिन्नता पाइन्छ ?

(ञ) शोधसामग्रीलाई के कति प्रकारमा बाँड्ने गरिन्छ ?

## Tribhuvan University, 2071

समूह (A) अनिवार्य, समूह (B) मध्येबाट कुनै एक विषय लिनुपर्नेछ ।

1. भाषा विज्ञानको परिचय दिई यसको अध्ययन क्षेत्र स्पष्ट्याउनुहोस् । १५

Question Bank Nepal

अथवा

भाषिक परिवर्तनको क्षेत्र स्पष्ट गरी अर्थ परिवर्तनका मुखय प्रक्रियाहरूको सोदाहरण विवेचना गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) उच्चारण स्थान र प्रयत्न भनेको के हो ?

(ख) उपवाक्य र वाकयताका के भिन्नता हुन्छ ?

(ग) अनेकार्थकता र समानार्थकतालाई कसरी चिनाउन सकिन्छ ?

3. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) नेपाली भाषामा समीभवन र विषमीभवनका के कस्ता प्रयोग पाइन्छन् ?

(ख) नेपालमा द्विभाषिकता के कस्ता अवस्था विद्यमान छन् ?

(ग) भाषाको स्तरगत योजना भनेको के हो ?

4. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) प्रायोगिक भाषा विज्ञानका दुई भेद कुन कुन हुन् ?

(ख) नेपालीका मूल स्वर कुन कुन हुन् ?

(ग) आन्तरिक र बाह्य संरचना एउटै भएको एक वाक्य कुन हो ?

(घ) विषमीभवनका दुई उदाहरण कुन कुन हुन् ?

(ङ) नेपालमा कुनै चार लेख्य भाषा कुन कुन हुन् ?

**B. (a) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण Full Marks : 50 Time : 1½ hrs.**

1. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरणका प्रमुख प्रवृत्तिको समीक्षा गर्नुहोस् । १५

अथवा

'इन्द्रजात्रा' काव्यको मुख्य कथ्य सन्दर्भको विवेचना गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'गोविन्दले ठीक भन्यो' कवितामा गोविन्दको भनाइका रूपमा के कस्तो कथ्य-विचारको अभिव्यक्ति भएको छ?

(ख) 'देवयानी' काव्यमा देवयानीमा के कस्ता चारित्रिक विशेषता देखाइएका छन् ?

(ग) राजेन्द्र थापाका गीतमा के कस्ता विशेषता पाइन्छन् ?

3. तल उद्धृत अंश राम्ररी पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटोछरितो उत्तर दिनुहोस् : ७.५

तिम्रो चिन्तन बोलिरहेछौ
युगका सुख दुःखका कथाहरू
तिमी बोलिरहेछौं आफ्नो अस्मिता
तिमी मुटुका भक्कानोहरूलाई पङ्क्तिबद्ध गरिरहेछौ
तिमी कवितामा खोजिरहेछौ जीवनको लय
तिमी अन्याय र बर्बरताको कथा सुसेलिरहेछौ
तिमी आफ्नो अतिसत्वका सम्पूर्ण रागहरू बजाइरहेछौ
तर के गर्छौं मेरा प्रिय गायक
सर्पहरू गीत सुन्दैनन्

प्रश्नहरू :

(क) यस कवितांशका रचयिता को हुन् र यो कुन कविताबाट लिएको हो ?

(ख) यहाँ 'तिमी' द्वारा संम्बोधित पात्र को हो ?

(ग) यहाँ सर्पहरू कसको प्रतीक बनेका छन् ?

Question Bank Nepal

(घ) यहाँ 'तिमी' र 'सर्प'का बिच कुन कुरामा विरोधाभास/विपर्यास छ ?

(ङ) यस कवितांशमा वर्ण र शब्दका तहमा पाइने आवृत्ति विधानका दुई दुई उदाहरण खोज्नुहोस् ।

४. प्रसङ्ग निर्देश गर्दै तलको कुनै एक उद्धरणको भाव-विचार, कथनपद्धति, लयविधान, भाषाशैली तथा अन्य कलात्मक विशेषताहरूबारे व्याख्या गर्नुहोस् : ७.५

(क) तपाईंका ती टुना-मुना, तुना सबै खुस्किसके
अझै पनि खरानी त्यो जीउमा कति घस्नु हुन्छ ।
काट्नुस्, आफै बस्या हाँगा मच्चीमच्ची काटे हुन्छ
जनताकै ढाड भाँची आखिर कहाँ बस्नु हुन्छ ?
(गजल २७ 'कति पेच कस्नु हुन्छ'बाट)

(ख) यहाँ, रूखहरूको मुख बन्द गराइएको छ
र हावा भूमिगत छ
यहाँ, पुतलीहरूका प्वाँखको नाउँमा
वारन्ट छ र
फूलहरूको सौन्दर्य
गैर कानुनी साबित भइसकेको छ ।
('वसन्त'बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) आहुति र विप्लव ढकाल कुन कुन धाराका कवि हुन् ?

(ख) पाठ्यांशमा निर्धारित धीरेन्द्र प्रेमर्षि र गोपाल अस्कका गजलहरू क्रमशः कुन कुन कृतिमा सङ्ग्रहीत छन् ?

(ग) 'बिसे नगर्चीको बयान' र 'गाउँ गाउँबाट उठ'का रचयिता को-को हुन् ?

(घ) 'काली' र 'मृत्यु' कविता कुन कुन छन्दमा लेखिएका छन् ?

(ङ) यस पाठ्यांशमा तोया गुरुङ र मञ्जु काँचुलीका कुन कुन कविता निर्धारित छन् ?

**(b) आधुनिक नेपाली आख्यानको उत्तरवर्ती चरण Full Marks : 50 Time : 1½ hrs.**

1. आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणमा कथ्य विषयका दृष्टिले के कस्ता प्रवृत्ति पाइन्छन् ? समीक्षा गर्नुहोस् । १५

अथवा

'लछमनियाको गौना' कथामा के कस्तो नारी मनोविश्लेषण पाइन्छ ? स्पष्ट पार्नुहोस् ।

2. नेपाली उपन्यासको उत्तरवर्ती चरणमा देखापरेका प्रयोगवादी धाराका मुख्य औपन्यासिक प्रवृत्तिको समीक्षा गर्नुहोस् । १५

अथवा

'अनिदो पहाडसँगै' उपन्यासलाई प्रगतिवादी उपन्यासका रूपमा विवेचना गर्नुहोस् ।

3. कुनै एक प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ७.५

(क) 'बमको छिर्का' कथामा युद्धको प्रभावको चित्रण कसरी गरिएको छ ?

(ख) 'उसको कथा' कथामा अभिनयकर्मी महिलाको पीडा कस्तो छ ?

4. तल दिइएको कुनै एउटा गद्यांशको प्रसङ्गसहित कथ्यविषय, कथनपद्धति र शैलीगत विशेषताको व्याख्या गर्नुहोस् : ७.५

(क) मेरा अगाडि अनन्त अँध्यारो मात्र देख्छु । एउटा लामो सुरुङभित्र पसेको अनुभूत गर्छु जहाँबाट बाहिर निस्कने कुनै बाटो छैन । असङ्ख्य काँडाहरूले घोचिएर असङ्ख्य पीडाहरूले थिचिएर एउटी आइमाई बाँच्न सकदी रहिछ । ('सीताहरू - २३' बाट)

(ख) नसुत्नुको अर्को नाउँ नै गतिशीलता हो । अन्याय अत्याचारको खातामुनि इतिहास सुत्छ

Question Bank Nepal

भन्ने कुरामा मलाई विश्वास छैन । ('अनिदो पहाडसँगै' बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) किशोर पहाडी र राजवको वास्तविक नाम के हो ?

(ख) 'वैभवको पीडा' र 'सरल रेखा' कथाका कथाकार को को हुन् ?

(ग) 'सत्प्रयास' र 'शरणार्थी' उपन्यासको प्रकाशन साल कुन हो ?

(घ) 'उलार' उपन्यासमा कुन कार्यलाई अश्लील मानिएको छ ?

(ङ) खगेन्द्र संग्रौला र भागीरथी श्रेष्ठका कुन कुन कथा यस पाठ्यांशमा समाविष्ट छन् ?

**(c) आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण Full Marks : 50 Time : 1½ hrs.**

1. नेपाली गीतिनाटकको उत्तरवर्ती चरण (२०३६ पछि) मा देखिएका नवीन प्रवृत्तिहरूको समीक्षा गर्नुहोस् । १५

अथवा

'आरूका फूलका सपना' नाटकमा नारी चिन्तन कसरी प्रकट भएको छ ? स्पष्ट पार्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'बैकुण्ठ एक्प्रेस' नाटकमा के कस्तो विसङ्गतिको चित्रण गरिएको छ ?

(ख) 'सिम्मा' नाटकका आधारमा रायनको गीतिनाट्य प्रवृत्तिहरू के के हुन् ?

(ग) 'समय, सम, अनि समय' नाटकमा समयका कुन कुन आयामहरूलाई देखाइएको छ?

3. तलको नाट्यांश पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नको छोटोछरितो उत्तर दिनुहोस् : ५×१.५=७.५

आइमाई - (उत्तेजित हुँदै) तिमी आफ्नो ध्रुव स्वीकार गर ।

लोग्नेमान्छे - (उत्तिकै गम्भीर छ) मैले आफ्नो धरातल स्वीकार गरेको छ ।

आइमाई - तिमीले यहाँ अतिक्रमण गरेका छौ, म तिमीसित युद्ध गर्न तयार छु ।

लोग्नेमान्छे - युद्ध तीसित गरिन्छ जोसित हार्ने कुराहरू छन् । मसित तिमीले युद्ध गर्नुको माने के हुन्छ ।

आइमाई - तिमी जाऊ । तिमी आफ्नो मार्ग स्वीकार गर ।

प्रश्नहरू

(क) उद्धृत नाट्यांश कुन नाटककारको रचना हो ?

(ख) यहाँ आइमाईको पात्रको कथनमा कस्तो विशेषता पाइन्छ ?

(ग) यसमा 'ध्रुव' र 'धरातल'ले के के कुरालाई सङ्केत गरेका छन् ?

(घ) यसमा लोग्नेमान्छे पात्रको कस्तो दृष्टिकोण पाइन्छ ?

(ङ) यहाँ आइमाईले 'तिमी आफ्नो मार्ग स्वीकार गर' भन्नाको तात्पर्य के हो ?

4. कुनै एउटा उद्धरणको प्रसङ्गसहित विषयवस्तु र नाटकीय कलात्मक विशेषताको व्याख्या गर्नुहोस्: ७.५

(क) एउटा बेसहारालाई माझीले एक छाक माछा खुवाउनु भन्दा उसलाई माछा मार्न सिकाउनु उपयोगी हुन्छ । ('सडक'बाट)

(ख) दर्शकहरू ! मलाई बचाउनुस्; मलाई मर्नबाट जोगाउनुस्, म मर्न लायक छैनँ । म तपाईहरू जस्तै दर्शक हुँ । ('समानान्तर' बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) विजय मल्लका कुनै दुई नाट्यकृति के के हुन् ?

(ख) 'इथर' र 'यमा' कसकसका नाट्यकृति के के हुन् ?

(ग) फुर्वा र अनाम कुन कुन नाटकका पात्र हुन् ?

(घ) 'भन्, को होस् तँ ?' लघुनाटकमा मुसा मान्छे बन्नाको तात्पर्य के हो ?



Question Bank Nepal

(ङ) नेपालीमा सडक नाटकको प्रारम्भ गर्नमा कुन नाटककार र नाट्य संस्थाको महत्त्वपूर्ण भूमिका छ ?

**(d) आधुनिक नेपाली निबन्ध र अन्यविधाको उत्तरवर्ती चरण Full Marks : 50 Time :1½ hrs.**

1. आधुनिक नेपाली निबन्धको उत्तरवर्ती चरण (२०२६) पछिका मुख्य निबन्धात्मक प्रवृत्तिको विवेचना गर्नुहोस् । १५

अथवा

कमलमणि दीक्षितका निबन्धात्मक विशेषताहरू उल्लेख गर्दै 'उखान मिलेन' निबन्धको मुख्य आशय स्पष्ट पार्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५
   (क) आधुनिक नेपाली अन्य विधा अन्तर्गत कुन कुन विधाहरू पर्दछन् ?
   (ख) घनश्याम राजकर्णिकारले 'लालदरबार क्याम्पा र मेरो बाल्य जीवन'मा के कस्ता संस्मरणहरू प्रस्तुत गरेका छन् ?
   (ग) विश्वेश्वरप्रसाद कोइरालाको 'जेल जर्नल' कुन विधाको कृति हो र त्यसका मुख्य विशेषता के हुन् ?

3. तलको अनुच्छेद राम्ररी पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो-छरितो उत्तर दिनुहोस् : ५×१.५=७.५

कोइलीदेवीले प्रेमका गीत लेखिन् । उनका प्रकृति र प्रेम अनि जीवन र जगतका शब्दरचनाले उनी चर्चित, प्रसिद्ध र अमर बनिन् । उनका राष्ट्रिय गीत र भजनले उनको अर्को लेखकीय परिचय गाँसियो । वास्तवमा उनी नेपाली भाषाकी भजनदेवीका नाउँले विख्यात भइन् । उनी आफै लेख्तै, सङ्गीत गर्दै भजन गाउने पहिलो नेपाली नारी स्रष्टा पनि हुन् ।

प्रश्नहरू

(क) उपर्युक्त कथन कसको कुन कृतिबाट निकालिएको हो ?
(ख) यस कथनअनुसार कोइलीदेवीको गीत सिर्जनाका मुख्य विषय के के हुन् ?
(ग) कोइलीदेवीलाई नेपाली भाषाकी 'भजनदेवी' भन्नाको तात्पर्य के हो ?
(घ) यहाँ कोइलीदेवीलाई कुन तात्पर्यमा पहिलो नेपाली नारीस्रष्टा भनिएको छ ?
(ङ) कोइलीदेवीको पूरा नाम के हो ?

4. तलका कुनै एक उद्धरणको कथ्यविषय, कथनपद्धति, भाषाशैली र अन्य कलात्मक विशेषताबारे सप्रसङ्ग व्याख्या गर्नुहोस् । ७.५
   (क) राजधानीमा जीवन भनेको ठूलो घर-बङ्गला हो । बङ्गला वरिपरि फूलबारी हो । फूलबारीमा कुर्सी हो । कुर्सीमा उपरखुट्टी हो र समाचार पत्र पत्रिका हो । मीठो झ्याङ-झ्याङ सङ्गीत हो । ('राजधानी त सधैं जगेटेड छ'बाट)
   (ख) अतीतको कुरा कथाजस्तै रोचक हुन्छ । भविष्य सोचूँ भने ज्योतिषी बन्न सकिएन, वर्तमानमा कुनै चमत्कारको सार छैन । बरु भूतकै कुरा सम्झेर केही कोर्न सके भविष्यको प्रेरक हुन सक्ला कि जस्तो लाग्छ । ('आत्मपुराण'बाट)

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् :
   (क) यस पाठ्यांशमा रामामणि रिसालको कुन निबन्ध समाविष्ट छ ?
   (ख) शारदा शर्माको 'अंशयुद्ध' निबन्ध कुन सङ्ग्रहमा सङ्कलित छ ?
   (ग) 'दिवोदास र शम्बर'का लेखक को हुन् ?
   (घ) 'रुसी परिवेशमा नेपाली प्रतिबिम्ब' कुन विधाको रचना हो र यो कुन कृतिमा सङ्कलित छ ?
   (ङ) यस पाठ्यांशमा समेटिएका दुई जना जीवनीकार को को हुन् ?

Question Bank Nepal

(e) नेपाली बाल साहित्य Full Marks : 50 Time : 1½ hrs.

1. नेपाली बाल साहित्य परम्पराको उल्लेख गर्दै त्यसका उपलब्धिहरूबारे विवेचना गर्नुहोस् । १५

अथवा

नेपाली बालकथाको विकासक्रमका मुख्य चरणहरू देखाउँदै सबभन्दा पछिल्लो चरणका सिर्जनात्मक गतिविधिहरूबारे चर्चा गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर लेख्नुहोस् : २×७.५=१५

(क) दैवज्ञराज न्यौपानेका 'जय देश, जय नेपाल' र 'देखासिकी' बालकविता बालस्तरका दृष्टिले कति उपयोगी छन् ?

(ख) देवकुमारी थापाको 'सुनपखेटी चरी' बालकथाको विषयवस्तु र प्रस्तुति शैलीका विशेषता के के हुन् ?

(ग) कवितारामको 'अनौठो यात्रा' उपन्यासको कथावस्तु र पात्रयोजनामा के कस्ता विशेषता पाइन्छन् ?

3. तलको उद्धरण पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस्: ५×१.५=७.५

वेग साथ विजुली पनि भागी
त्यै महाघन-घटासँग लागी ।
इन्द्रनील मणि भैँ अति जाती
देखियो गगनमण्डल माथि ॥

प्रश्नहरू

(क) उपर्युक्त उद्धरणका लेखक को हुन् ?

(ख) यो कुन छन्दमा लेखिएको छ ?

(ग) यस उद्धरणमा कुन विषयको वर्णन गरिएको छ ?

(घ) 'इन्द्रनील मणि'को तात्पर्य के हो ?

(ङ) यस कवितांशमा कहाँ कहाँ अनुप्रास पाइन्छ ?

4. तलका कुनै एक उद्धरणको प्रसङ्ग निर्देश गर्दै त्यसका विषयवस्तु, कथनपद्धति, भाषाशैली तथा अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् । ७.५

(क) दुनियाँ सब चार्दछ धाउँछ रे
र हिमाल उँचा झलकाउँछ रे
जलविन्दु सुशीतल ल्याउँछ रे
सब उन्नत झल्ल तुल्याउँछ रे । ('सुनको बिहान'बाट)

(ख) बाघेले अब दुईवटा ढुङ्गा दल्न थाल्यो । झिल्का निकैबेर झिलिक्क झिलिक्क गर्न थाले । सबै जनाले छक्कपरेर बाघेलाई हेर्न थाले । ती ढुङ्गा दर्शन ढुङ्गा थिए । जसबाट अचेल पनि आगो बाल्न सकिन्छ । ('सुरेको सलाई'बाट)

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) 'जूनतारा र बालकाव्य' र 'बादल साथी' बालकथाका लेखक को को हुन् ?

(ख) 'अनौठो यात्रा' र 'खलाँती बाजे' कृतिहरू कुन कुन विधाभित्र पर्दछन् ?

(ग) 'मैले बिर्सन नसकेको साथी' र 'सुन पंखेटी चरी' कृतिका लेखक को को हुन् ?

(घ) 'मोतीराम भट्टको जीवनी' र 'खुट्टा गन्ने खेल' कृतिहरू कुन कुन विधाभित्र पर्दछन् ?

(ङ) लक्ष्मीप्रसाद देवकोटाका कुन कुन कृतिहरू यस पाठ्यांशमा समाविष्ट छन् ?

(f) नेपालका विविध भाषाको साहित्यिक रूपरेखा Full Marks : 50 Time : 1½ hrs.

1. नेपालको संस्कृत नाट्यपरम्पराको विवेचना गर्नुहोस् । १०

अथवा

नेवारी उपन्यास साहित्यको विकास प्रक्रिया प्रस्तुत गर्नुहोस् ।

Question Bank Nepal

2. कुनै चार प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ४×७.५=३०

(क) मैथिली लोककथाको परम्परा के कस्तो रहेको छ ?

(ख) वर्तमान समयमा भोजपुरी साहित्यको अवस्था के कस्तो छ ?

(ग) राई र लिम्बू भाषामा के कस्ता पत्रपत्रिका प्रकाशित भइरहेका छन् ,

(घ) तामाङ साहित्यमा के कस्ता सिर्जनात्मक गतिविधिहरू देखा परेका छन् ?

(ङ) मगर भाषा साहित्यको परम्परा के कस्तो छ ?

(च) थारू भाषा साहित्यका प्रमुख कविहरू को को हुन् र तिनका के कति सङ्ग्रह छापिएका छन् ?

3. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस : ४

(क) शक्तिवल्लभ अर्ज्याल लेखेका दुईवटा संस्कृत नाटक कुन कुन हुन् ?

(ख) 'राँकी' कुन भाषाको र कुन विधाको कृति हो ?

(ग) 'मैथिली नव कविता'का लेखक को हुन् ?

(घ) नेपालको सेर्पा साहित्यका प्रमुख दुई कविका नाम उल्लेख गर्नुहोस् ।

(ङ) गुरुङ भाषामा प्रकाशित कुनै एक पत्रिकाको नाम उल्लेख गर्नुहोस् ।

**(g) भारतीय नेपाली साहित्य** **Full Marks : 50** **Time : 1½ hrs.**

1. भारतीय नेपाली नाटकको विकासप्रक्रियाको चर्चा गर्दै यस प्रमुख उपलब्धिहरूको निरूपण गर्नुहोस् । १५

अथवा

भारतका विभिन्न क्षेत्रमा नेपाली भाषाको अवस्था के कस्तो रहेको छ, विवेचना गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'चिहान नपाएका तक्माहरू' कवितामा के कस्तो जातीय भावना पाइन्छ ?

(ख) 'कस्तो मानिस' कथाको मूल भाव के हो ?

(ग) 'दुई खेप जात गयो' निबन्धको मूल सन्देश के हो ?

3. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : ७.५

नढाँटी भन्नु हो भने साहित्यमा उद्देश्यको कुनै सिद्धान्त पनि मेरो पक्षमा मिल्ने खालको छैन । म न ता जीवनका निम्ति लेख्छु, न कलाका निम्ति । फेरि मेरो लेखाइमा कला हुन्छ नै भन्ने पनि ता कुनै तोक छैन । यसका निम्ति लेख्छु भनौं भने हाम्रो जातिमा मरेपछि कलाकार र साहित्यकारहरूले यस प्राप्त गर्ने गरेको तथ्यसँग म परिचित छँदैछु । त्यसैले चाँडै यस प्राप्त गरिहालूँ भन्ने हतारमा कहीं आत्महत्या गरेर न रहे बाँस नबजे बाँसुरी होला कि भन्ने डर छँदैछ किनभने मचाहिं यो संसारमा यशविहीन भएरै भए पनि धेरै दिन बाँच्न चाहने हु ।

प्रश्नहरू

(क) यसमा लेखकले आफ्नो लेखनको उद्देश्यबारे कस्तो टिप्पणी गरेका छन् ?

(ख) यसमा साहित्यकारहरूको अवस्थाबारे कस्तो चित्रण गरिएको छ ?

(ग) लेखकले यशविहिन भएर पनि धेरै दिन बाँच्न चाहनुको कारण के छ ?

(घ) यसमा के कस्तो व्यङ्ग्य गरिएको छ ?

(ङ) यो अनुच्छेद कुन कृतिबाट उद्धृत गरिएको हो ?

4. कुनै एक प्रश्नको प्रसङ्ग बताउँदै भाव, विचार, भाषाशैली तथा अन्य कलात्मक विशेषताहरूको व्याख्या गर्नुहोस् । ७.५

(क) फर्क, युद्धको विभीषिकातीर नजाऊ
फर्क, दावानलमा युद्धको नहोस व्यर्थ आफूलाई
फर्क, हिमालको वीर छोरो
तिम्रो विरता तिम्रै देशलाई सुहाएको छ



Question Bank Nepal

तिम्रो उत्सर्ग तिम्रै देशलाई चाहिएको छ । ('युद्ध र योद्धा'बाट)

(ख) कि बिग्रो भन्ने अड्का फुकाउने न ता मेरो त्यति बेला बुझ्ने भयो, न साहस । म अलमल्ल, अकमक्क परेर निधारको पसिना पुछ्न थालें ।

('बितेका कुरा'बाट)

5. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) 'वासिमडिमा बुद्धलाई हेरेपछि' कविताका रचयिता को हुन् ?

(ख) 'ब्रह्मपुत्रको छेउछाउ' उपन्यासका प्रमुख पात्र को को हुन् ?

(ग) यस पाठ्यांशमा रहेको शरद क्षेत्रीको नाटक कुन हो ?

(घ) 'अपराजिता' कथाको प्रमुख पात्र को हो ?

(ङ) यस पाठ्यांशमा निर्धारित प्रमुख कुनै दुई समालोचक को को हुन् ?

## Tribhuvan University, 2071

### A. अनुवाद विधि र कार्य

1. अनुवादमा स्रोत भाषा र लक्ष्य भाषाका बिचमा पाइने रूपात्मक तथा सन्दर्भात्मक तुल्यताबारे विवेचना गर्नुहोस् । १५

अथवा

अनुवाद कार्यमा अर्थसिद्धान्त अनुसार निर्दिष्ट शब्दार्थ सम्बन्धको प्रयोग कसरी गर्न सकिन्छ ? सोदाहरण स्पष्ट पार्नुहोस् ।

2. कुनै तिन प्रश्नको उत्तर दिनुहोस् : ३×७.५=२२.५

(क) अनुवादमा मूल पाठात्मक तुल्यताको तात्पर्य के हो ?

(ख) अनुवादमा एकभाषी कोशको के कस्तो उपयोगिता रहन्छ ?

(ग) अर्थका आधारमा अनुवाद कार्यमा सीमा केलाई मान्न सकिन्छ ?

(घ) अनुवादमा अन्तरणको तात्पर्य के हो ?

(ङ) शाब्दिक र यान्त्रिक अनुवादमा के कस्तो भिन्नता पाइन्छ ?

3. तलको अनूदित गद्यांशमा प्रयुक्त पद, पदावली, वाक्यांश र व्याकरणगत सम्बन्धको उपयुक्त प्रयोगका साथै वर्णविन्यासगत अशुद्धिहरूलाई समेत सच्याई सम्पादन गर्नुहोस् : ७.५

लेखन पद्धती भनेको कथ्य भाषालाई लिपिमा उतार्ने तरिका हो । लेखन पद्धतिमा लिपिको कुरो आउँछ । भाषाले लेख्य रूप लिइएपछि जन्म भएको हो - लिपिको । लिपिविनाको भाषा हुन्छ तर भाषाविनाको पनि लिपि हुँदैन । यसर्थ भाषा पहिले र त्यसपछि लिपि । अर्थात भाषा भएपछि लिपि हुन सक्छ । धेरै भाषाको यौटै लिपि हुन पनि सक्छन् ।

4. तलका प्रश्नहरूको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) कोशीय तुल्यताको तात्पर्य के हो ?

(ख) कस्तो कोशलाई द्वैभाषिक कोश भनिन्छ ?

(ग) कस्तो अर्थलाई सन्दर्भार्थ भनिन्छ ?

(घ) 'घर' र 'पहाड'का मिल्ने र नमिल्ने एक/एक आर्थी अभिलक्ष्य के के हुन् ?

(ङ) अंग्रेजी भाषाबाट नेपाली भाषामा गरिने शब्दानुवादका कुनै दुई उदाहरण के के हुन् ?

### B. पत्रकारिता

1. सञ्चारको परिभाषा प्रस्तुत गर्दै यसका प्रकारहरूको परिचय दिनुहोस् । १५

अथवा

२०४६ सालपछिको नेपाली पत्रकारिताको विकासका बारेमा चर्चा गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) मुद्रण पत्रकारिता र विद्युतीय पत्रकारितामा के फरक छ ?



Question Bank Nepal

(ख) नेपाली साहित्यिक पत्रकारिताका उपलब्धि र कमजोरी के के हुन् ?

(ग) सम्पादकीय लेखनमा आवश्यक पर्ने कुरा के के हुन् ?

3. कुनै एक विषयमा छापामाध्यममा प्रस्तुत गरिने आकर्षक विज्ञापनको नमुना तयार पार्नुहोस्: ७.५

(क) गृह मन्त्रालयद्वारा सार्वजनिक स्थल धूम्रपान नगर्न गरिएको अनुरोध

(ख) भर्खरै प्रकाशित 'सुगन्ध' नामक साहित्यिक पत्रिकाको प्रचार

4. 'अकासिँदो महँगी' विषयमा कम्तीमा २५० शब्द सम्मको टिप्पणी लेख्नुहोस् । ७.५

5. तलका प्रश्नहरूको अतिसंक्षिप्त र वस्तुगत उत्तर दिनुहोस् : ५

(क) गोरखापत्रको प्रकाशन कुन सालदेखि सुरु भएको हो ?

(ख) 'रासस'को पूर्ण रूप के हो ?

(ग) 'गोरखा भारत जीवन' कहाँबाट र कहिले प्रकाशित भएको हो ?

(घ) 'आम सञ्चारको सिद्धान्तहरू' पुस्तकका लेखक को हुन् ?

(ङ) विद्युतीय सञ्चार माध्यम कुन कुन होइनन् ?

'शारदा', 'राइजिङ नेपाल', 'इमेज' र 'रेडियो नेपाल' ।

**C. वाक्कला**

1. आदर्श वाक्कला भन्नाले के बुझिन्छ ? यसका आवश्यक गुणहरूबारे विवेचना गर्नुहोस् । १५

अथवा

आदर्श वक्ताको परिचय दिई उसको वाग्मिताबारे वर्णन गर्नुहोस् ।

2. तलका कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) वाक्कलाको विशिष्ट पक्षका रूपमा विषयको के महत्त्व छ ?

(ख) वाक्कला र अभिव्यक्ति सिद्धान्तबिच के सम्बन्ध छ ?

(ग) प्रवचनको रचना कसरी गरिन्छ ? स्पष्ट पार्नुहोस् ।

3. 'परिवर्तित नेपालमा युवाको दायित्व' बारे कम्तीमा २५० शब्दसम्मको वक्तृता तयार पार्नुहोस् ।

अथवा ७.५

कुनै प्रतिष्ठित व्यक्तिको मृत्युमा आयोजना गरिने श्रद्धाञ्जली सभाको कार्यक्रम तयार पार्नुहोस् ।

4. अध्यक्ष वा सभापतिले सभा समापन गर्दा कुन कुन कुरालाई विशेष महत्त्व दिई बोल्नु पर्छ ? ७.५

5. तलका प्रश्नहरूको अति संक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) 'सञ्चालनात्मक उद्घोषण' भन्नाले के बुझिन्छ ?

(ख) वाक्कलाको एक विशिष्ट पक्षका रूपमा 'सरणी (च्यानल)' लाई किन लिइन्छ ?

(ग) वक्ताको प्रभाव श्रोतामा परेको कुरा केबाट थाहा पाउन सकिन्छ ?

(घ) औपचारिक सभा, गोष्ठी र बैठकमा स्तरीय वा कथ्य कुन भाषाको प्रयोग गरिन्छ ?

(ङ) प्रमुख अतिथिले सभामा बोल्ने पालो सामान्यत: कति बेला आउँछ ?

**D. रङ्गमञ्च**

1. नेपाली रङ्गमञ्चका विशेषताहरूबारे विवेचना गर्नुहोस् । १५

अथवा

अभिनय सम्बन्धी पूर्वीय नाट्य मान्यताको परिचय दिई आङ्गिक अभिनयमा शरीरका अङ्ग-प्रत्यङ्ग र उपाङ्गहरूले पार्ने प्रभावको विवेचना गर्नुहोस् ।

2. कुनै तिन प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् । ३×७.५=२२.५

(क) पूर्वीय नाट्यशास्त्रमा आहार्य अभिनयलाई कसरी चिनाइएको छ ?

(ख) आधुनिक यथार्थवादी, रङ्गमञ्चका शक्ति र सीमा के के हुन् ?

(ग) खुला (सडक) रङ्गमञ्चका विशेषता के हुन् ?



Question Bank Nepal

(घ) नाट्याभिनयमा ध्वनि र प्रकाशको भूमिका कस्तो पाइन्छ ?

(ङ) नाट्याभिनयमा नेपथ्यको के कस्तो भूमिका रहन्छ ?

3. आफूले पढेको कुनै एक नाटकको रङ्गमञ्चीय विशेषता उल्लेख गर्नुहोस् । ७.५

अथवा

आफू दर्शक बनी हेरेको कुनै एक नाटकको मञ्च सजावटबारे प्रकाश पार्नुहोस् ।

4. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) नान्दी पाठ कुन समयमा गरिन्छ ?

(ख) प्राचीन ग्रिसेली रङ्गमञ्चमा पात्रहरूको मुखाकृति कस्तो पाइन्छ ?

(ग) मध्यकालीन नेपाली थिएटर नाटकको प्रेरणा स्रोत के हो ?

(घ) पूर्वीय रङ्गमञ्चका प्रमुख प्रकार के के हुन् ?

(ङ) रङ्गमञ्चमा पार्श्व भन्नाले के बुझिन्छ ?

## Tribhuvan University, 2072

**Nepali 314** (साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध – सृजन विधि)

१. रसको परिचय दिँदै रससूत्रको भुक्तिवादी व्याख्याका उपलब्धि र सीमाको समीक्षा गर्नुहोस् ।

अथवा १५

तलका प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :

(क) संस्कृत काव्यशास्त्रमा अलङ्कार चिन्तनको के कस्तो परम्परा रहेको छ ?

(ख) ध्वनि सिद्धान्तका प्रमुख स्थापना के के हुन् ?

२. समाजपरक समालोचना प्रणालीमा टेनले के कस्ता मान्यताहरु प्रस्तुत गरेका छन्, चर्चा गर्नुहोस् ।

अथवा १५

(क) परिष्कारवाद के कस्ता चरणहरुमा विकसित भएको छ ?

(ख( प्रकृतवादको यथार्थवादसाग के कस्तो सम्बन्ध छ ?

३. नेपाली साहित्यमा खोज अन्वेषणपरक समालोचनाको के कस्तो परम्परा रहेको छ ? विवेचना गर्नुहोस् ।

अथवा १५

संक्षिप्त टिप्पणी लेख्नुहोस् :

(क) हृदयचन्द्रसिंह प्रधानको समालोचनात्मक योगदान

(ख) वासुदेव त्रिपाठीका व्यावहारिक समालोचना लेखनका मुख्य विशेषता

४. तलका कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ३×७.५=२२.५

(क) शब्दको अभिधा शक्ति भनेको के हो ?

(ख) वक्रोक्तिका के कस्ता प्रकारहरु निर्धारित छन् ?

(ग) प्लेटोका नीतिवादी चिन्तनका मुख्य स्थापना के के हुन् ?

(घ) अस्तित्ववाद र विसङ्गतिवादका बिच के कस्तो पारस्परिक सम्बन्ध पाइन्छ ?

(ङ) नेपाली साहित्यको इतिहास लेखनमा तारानाथ शर्माको के कस्तो योगदान रहेको छ ?

५. तलका कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ३×७.५=२२.५

(क) शोध भनेको के हो र सोध कार्य किन आवश्यक छ ?

(ख) शोधमा पूर्वकार्यको समीक्षा किन गरिन्छ ?

(ग) शोधमा सामग्री संकलनका लागि के कस्ता विधिहरुको प्रयोग गरिन्छ ?

(घ) सृजनात्मक लेखन भनेको के हो र यो सामान्य लेखनभन्दा किन फरक हुन्छ ?

(ङ) आख्यान र नाटकमा के कस्तो अन्तरसम्बन्ध पाइन्छ ?



Question Bank Nepal

६. तलका प्रश्नहरुको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : १०

(क) संस्कृत काव्यशास्त्रीहरुले के कस्ता काव्यहेतुको चर्चा गरेका छन् ?

(ख) भरत र भामह कुन कुन सम्प्रदायका काव्यशास्त्री हुन् ?

(ग) रीतिवादका प्रवर्तक को हुन् र उनले रीतिका के कति प्रकारहरु मानेका छन् ?

(घ) ल्याकन र जर्ज लुकाज कुन समालोचना प्रणालीसँग सम्बन्धित छन् ?

(ङ) उत्तर आधुनिकतावाद भन्नाले के बुझिन्छ ?

(च) आधुनिक नेपाली समालोचनाको उठान कहिलेदेखि भएको हो ?

(छ) 'साहित्य प्रदीप' र 'आधुनिक आलोचना', 'अनेक रुप अनेक पठन' नामक समालोचना कृतिका लेखक को को हुन् ?

(ज) समालोचक इश्वर बरालले संकलन- सम्पादन गरेका 'हिमालचुली' र 'झ्यालबाट' कुन कुन विधाका संकलन-सम्पादन हुन् ?

(झ) शोध प्रतिवेदनका तिन अंग भनेका के के हुन् ?

(ञ) सृजनालाई 'दमित मनोभावको उपज' मान्ने साहित्य चिन्तक को हुन् ?

Question Bank Nepal

## Tribhuvan University, 2072

समूह A अनिवार्य, समूह B मध्येबाट कुनै एक विषय लिनुपर्नेछ ।

**A. भाषा विज्ञान र नेपाली भाषा** Full Marks: 50 Time: $1\frac{1}{2}$ hrs

१. भाषाका भौगोलिक तथा सामाजिक भेदहरुसम्बन्धी विशेषताबारे विवेचना गर्नुहोस् ।

अथवा १५

रुपान्तरण व्याकरणका आधारभूत मान्यताको विवेचना गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त आधारभूत उत्तर दिनुहोस् : २×७.५=१५

(क) ध्वनि विज्ञान र वर्ण विज्ञानमा कस्तो सम्बन्ध पाइन्छ ?

(ख) पदावली संरचना भन्नाले के बुझिन्छ ?

(ग) आर्थी सम्बन्ध भन्नाले के बुझिन्छ ?

३. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) नेपालीमा बोलिने भाेटेपेली परिवारका प्रमुख दुई भाषालाई कसरी चिनाउन सकिन्छ ?

(ख) अर्थ परिवर्तनका प्रमुख ढाँचा के के हुन् ?

(ग) भाषा योजनाका प्रमुख पक्ष के के हुन् ?

४. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् ? ५

(क) भाषा विज्ञानको अध्ययन क्षेत्रमा पर्ने दुई प्रमुख विषय के के हुन् ?

(ख) नेपालीमा पाइने पार्श्विक र कम्पिन वर्ण कुन कुन हुन् ?

(ग) 'रामले भाइलाई पिट्यो' वाक्यको आन्तरिक संरचना के हो ?

(घ) नेपाली भाषामा सादृश्य र आगमनका एक एक उदाहरण के के हुन् ?

(ङ) लेप्चा र व्यासी भाषा बोलिने १/१ जिल्ला कुन कुन हुन् ?

**B. (a) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण** **Full Marks: 50** **Time: $1\frac{1}{2}$ hrs.**

१. आधुनिक नेपाली कविताको उत्तरवर्ती चरण (२०३६ पछि) मा देखापरेका प्रमुख धारा र प्रवृत्तिको विवेचना गर्नुहोस् ।

अथवा १५

'इन्द्रजात्रा' खण्डकाव्यका प्रमुख विशेषताहरुको विवेचना गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) भरतराज पन्तका काव्यात्मक विशेषता के के हुन् ?

(ख) 'गहुँगोरो अफ्रिका' कविताको मुख्य वैचारिक सन्दर्भ के हो ?

(ग) 'पोहोर साल खुसी फाट्यो' गीतमा के कस्तो भावसन्दर्भ समेटिएको छ ?

३. तल उद्धृत अंश राम्ररी पढी त्यसको अन्त्यमा सोधिएका प्रश्नहरुको छोटोछरितो उत्तर दिनुहोस्: ७.५

मेरा खुसीका हरेक क्षणमा मसँग
लाग्छ तिमी मन्दमन्द मुस्कुराइरहेकी हुन्छ्यौ
मेरा पीडाका हरेक पलमा
लाग्छ तिमी मर्माहत भएर
मलाई कोमल स्नेहले सुमसुम्याइरहेकी हुन्छ्यौ
घामसँग छाँयाजस्तै
मेरा सुकुमार भावनाहरुसित
तिमी एकाकार भएर
लाग्छ मलाई प्रेमालिङ्गनमा कसिरहेकी हुन्छ्यौ ।

प्रश्नहरु:

(क) उपर्युक्त उद्धरण कुन कृतिसँग सम्बन्धित छ ?

(ख) यस कथनमा आएको 'म' कथयिताले 'तिमी' भनेर कसलाई संकेत गरेको छ ?

(ग) यस कथनबाट 'म' कथयिताको के कस्तो मनोभाव व्यक्त भएको छ ?

(घ) उपर्युक्त कथनका अन्तिम चार पङ्क्तिमा कस्तो आलङ्कारिक विशेषता पाइन्छ ?

(ङ) यो कथन कस्तो लयढाँचामा लेखिएको छ ?

४. तलका कुनै एक उद्धरणको प्रसंग निर्देश गर्दै त्यसमा समेटिएका भाव-विचार, कथनपद्धति, लयविधान, भाषाशैली, तथा अन्य कलात्मक विशेषताबारे व्याख्या गर्नुहोस् : ७.५

(क) आकाशले तिमीलाई सपना दिएर जान्छ
सपना- कुनै पनि नवजात शिशुभन्दा मीठो
आकाशले तिमीलाई बिहानी दिएर जान्छ
आकाश आफुलाई पोखरीभित्रै छोडेर
ऊ आफैलाई तिमीलाई दिएर जान्छ ।
('आज राति आकाश' कवितावाट)

(ख) सद्भाव छैन मानिसमा न छ आत्मीयता यहाँ
मेरो अन्तरमा भावको खानी पनि रित्तिन थालेछ ।
('आशै आशमा यो जिन्दगानी' गजलबाट)

५. तलका प्रश्नहरुको अतिसंक्षिप्त उत्तर दिनुहोस्:

(क) आधुनिक नेपाली कविताको उत्तरवर्ती चरणमा कविता सृजनामा क्रियाशील कृष्णभक्त श्रेष्ठ र पूर्णविराम कुन कुन धाराका कवि हुन् ?

(ख) घनश्याम कँडेलको कुन काव्यरचना यस पाठ्यांशमा समावेश गरिएको छ ?

(ग) 'गाउँ गाउँबाट उठ' गीतका रचनाकार को हुन् ?

(घ) यस पाठ्यांशमा निर्धारित बुँद रानाको गजलको शीर्षक के हो ?

(ङ) प्रहलाद पोखरेलको 'युवा' कवितामा कुन छन्दको प्रयोग गरिएको छ ?

**(b) आधुनिक नेपाली आख्यानको उत्तरवर्ती चरण Full Marks: 50 Time: $1\frac{1}{2}$ hrs**

१. आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणमा देखापरेका नवीन प्रवृत्तिहरुबारे विवेचना गर्नुहोस् । १५

अथवा



Question Bank Nepal

'कठपुतलीको मन' कथामा 'परालको आगो' कथालाई कसरी पुनसिर्जना गरिएको छ ? चर्चा गर्नुहोस् ।

२. ध्रुवचन्द्र गौतमको उत्तरवर्ती चरणका औपन्यासिक विशेषताबारे विवेचना गर्नुहोस् ।

अथवा १५

'द्वन्द्वको अवसान' उपन्यासका प्रमुख पात्रहरुको चरित्र चित्रण गर्नुहोस् ।

३. 'सरल रेखा' लघुकथाले कुन पक्षप्रति व्यंग प्रहार गरेको छ ?

अथवा ७.५

'सत्प्रयास' उपन्यासमा प्रयुक्त ऐतिहासिक परिवेश कस्तो छ ?

४. तल दिइएको कुनै एउटा गद्यांशको प्रसंगसहित कथ्यविषय, कथनपद्धति र शैलीगत विशेषताहरुको व्याख्या गर्नुहोस् : ७.५

(क) म अत्यन्त थकित छु विज्ञापनजनित उत्तेजना र आकांक्षाहरुसँग ।
त्यस्तै मलाई अर्ती दिने नेताहरु तथा स्वर्गको आशा दिने धर्मगुरुहरुसँग ।

('वैभवको पीडा' बाट)

(ख) त्यहाँ दुई बालकहरु होइनन्, म र छापामार एकआपसमा युद्ध गरिरहेका छौं । हामी दुईजना साइकलका लागि युद्ध लडिरहेका छौं । हाम्रो खाँसाखोसमा साइकलका दुई पाङ्ग्रोंहरु दुईतिर उछिट्टिएका छन् । साइकलको सम्पूर्ण संरचना नै भत्केको छ ।

('छापामारको छोरो' बाट)

५. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् : ५

(क) 'बमको छिर्को' र 'वनमान्छेको कथा' कसकसका कथासङ्ग्रह हुन् ?

(ख) 'चीत्कार' कुन समस्यामा केन्द्रित कथा हो ?

(ग) उत्तरवर्ती चरणमा बहुलवादी धाराका कुनै दुई कथाकार कोको हुन् ?

(घ) एस.आर. र प्रेमललवा कुन कुन उपन्यासका पात्र हुन् ?

(ङ) 'उत्सर्ग प्रेम' र 'घामकिरी' कसकसका उपन्यास कृति हुन् ?

**(c) आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरण** **Full Marks: 50** **Time: $1\frac{1}{2}$ hrs**

१. आधुनिक नेपाली नाटकको उत्तरवर्ती चरणका गीतिनाटकले के कस्तो नवीन प्रवृत्ति अवलम्बन गरेका छन् ?

अथवा १५

'वैकुण्ठ एक्प्रेस' नाटकमा पाइने व्यङ्ग्यको विश्लेषण गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'आरुका फूलका सपना' नाटकमा के कस्तो सांस्कृतिक चिन्तन पाइन्छ ?

(ख) 'समानान्तर' नाटकको रङ्गमञ्चीय शिल्प सम्बन्धी के कस्ता विशेषता पाइन्छन् ?

(ग) 'गोलार्द्धका दुई छेउ' लघुनाटकमा कुन कुन पक्षको द्वन्द्व प्रस्तुत गरिएको छ ?

३. तलको नाट्यांश पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटोछरितो उत्तर दिनुहोस् : ५×१.५ = ७.५

डेङ्सु - चाहिएन मलाई यो सुना चाँदी यो काँचो कम्पनी
गोर्जा - चाहिएन मलाई मान्छेलाई मार्दा दिने त्यो तकमा नि
गान्बा - चाहिएन मलाई रेडुई बाजा बुठ जुत्ता केही पनि
खाम्बे - चाहिएन मलाई विदेशी पार्ने ती चिज केही पनि
ठूले - ती चिज केही पनि
डेङ्सु - यो बादल फाट्यो यो जाली फाट्यो यो मेरो आँखाको
जोरबीरे - यो बाँकी जुनी लगाउँछु काममा घर गाउँ पाखाको

Question Bank Nepal

प्रश्नहरू
(क) यस नाट्यांशका रचनाकार को हुन् ?
(ख) यसमा पात्रहरूले विदेशी चिज नचाहनुको कारण के हो ?
(ग) यसमा 'बादल फाट्यो' भनेर के कुरालाई संकेत गरिएको छ ?
(घ) यी संवादमा कस्तो प्रकारको लय प्रयुक्त छ ?
(ङ) यसमा कुन विचारधाराको प्रबलता पाइन्छ ?

४. कुनै एक उद्धरणको प्रसङ्गसहित विषयवस्तु, भाव-विचार, कथनपद्धति र भाषाशैलीगत विशेषताहरूको व्याख्या गर्नुहोस् : ७.५
(क) मानवताको प्रतिशोधमा जुनसुकै करुणाले रुनुपर्छ । जन जनको मनमा सत्यको साक्षात्कार सगरमाथाले छुनुपर्छ । ('सिंहासन' बाट)
(ख) किन डर लाग्यो ? मृत्युसँग ? किन डराउँछस् ? तँ त मृत्युसँग खेल्ने मान्छे । आज किन डराएको ? ('निर्वासित मनहरू' बाट)

५. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् : ५
(क) नेपालीमा सडकनाटकको प्रारम्भ कसको कुन कृतिबाट भएको हो ?
(ख) नेपालीमा शून्यवादी र अभिव्यञ्जनावादी नाटकको प्रयोक्ता कोको हुन् ?
(ग) 'समय, समय अनि समय' नाटकमा कुन कुन मिथकलाई जोडिएको छ ?
(घ) माधव घिमिरेका कुनै दुई गीतिनाटक कुन कुन हुन् ?
(ङ) 'बाँसुरीमा नअटाएका धुनहरू' र 'पूर्णविराम' कसकसका नाट्यकृति हुन् ?

## (d) आधुनिक नेपाली निबन्ध र अन्यविधाको उत्तरवर्ती चरण Full Marks: 50 Time: $1\frac{1}{2}$ hrs

१. आधुनिक नेपाली निबन्धको उत्तरवर्ती चरण (२०३६ पछि) मा के कस्ता नव प्रयोगहरू देखा परेका छन् ? विवेचना गर्नुहोस् । १५

अथवा

निबन्धकार नरेन्द्रराज पौडेलको परिचय दिई उनको 'उर्दीको कोट' निबन्धका विशेषता केलाउनुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् २×७.५ =१५
(क) २०३६ पछिका अवधिमा अन्तर्वार्ता साहित्यमा के कस्ता सृजनात्मक गतिविधहरू देखापरेका छन् ?
(ख) उत्तरवर्ती चरणमा जीवनी लेखनका क्षेत्रमा घटराज भट्टराईले के कस्ता प्रयासहरू गरेका छन् ?
(ग) 'आँसु छचल्किदै जान्छ' संस्मरणमा लेखकले के कस्ता स्मृति सन्दर्भहरूलाई समेटेका छन् ?

३. तलका अनुच्छेद राम्ररी पढी त्यसका अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : ५×१.५ = ७.५

त्यसै ताक अतिसारको रोगले म अति नै सारो भएछु । आफूले जानेको र अरू वैद्यको कुनै पनि औषधिले छोएनछ । एउटा भएको छोरो पनि अब नरहने भयो भनी आशा मारी तल झारेर राखिएछ, त्यसै बेला बुबाको साखै मामा पद्मराज तिवारी बेथरी अमिनीबाट लेफ्टेन जागिरको अवकाश पाई आफ्नै घर तनहुँ फर्कन लाग्दा भानिजलाई भेट्न आइपुग्नुभएछ । त्यो हालत देखे माथि ल्याउन लगाई आफूले जानेको ग्रामीण उपचार गर्न लगाउनु भएछ । त्यसबाट तीन दिनमा रोग हटेर फाइदा भएछ । भाग्यवश मेरो जीवनदाता मामाबुवा पनि हुनु भएछ ।

प्रश्नहरू
(क) उपर्युक्त कथनका कथयिता को हो ? र यो कुन विधाभित्र पर्दछ ?
(ख) यसलाई कथयिताका आफ्नै अनुभवमा आधारित कथन कसरी भन्न सकिन्छ ?

Question Bank Nepal

(ग) पद्मराज तिवारी किन कथयिताका घरमा आएका हुन्?

(घ) कथयिताका मामाबुवा को हुन् र उनलाई किन जीवनदाता भनिएको हो ?

(ङ) 'तल सार्नु' को तात्पर्य के हो ?

४. तलका कुनै एक उद्धरणको कथ्य विषय, कथनपद्धति, भाषाशैली र अन्य कलात्मक विशेषताबारे सप्रसङ्ग व्याख्या गर्नुहोस् । ७.५

(क) एउटा कर्मनिष्ठ मान्छेले समयलाई कसरी हेर्छ, म प्रश्न गर्छु - 'समय अनुसार काम गर्ने कि आफ्नो कामले समयलाई प्रभाव पार्ने ?' 'त्यसमा दुवैतर्फ जाने द्वन्द्वात्मक नियम लाग्छ तर मचाहि कामले नै प्रभाव पारेर समयलाई अगाडि बढाउन चाहन्छु ।

('रूसी परिवेशमा नेपाली प्रतिबिम्ब'बाट)

(ख) मान्छेलाई जन्म दिने स्वास्नीमान्छे भएका कारण म कामना गर्छु - युद्ध,यो लौकिक संसारको अपरिहार्य नियति नै हो भने पनि त्यो प्राणघातक हतियारहरूले नलडियोस् ।

('अंशयुद्ध'बाट)

५. तलका प्रश्नहरुको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) यस पाठ्यांशमा परेका 'दिबोद्धास र शम्बर' तथा 'उखान मिलेन' का लेखक को को हुन् ?

(ख) यस पाठ्यांशमा समाविष्ट कुनै दुई हास्यव्यङ्ग्यात्मक निबन्ध कुन कुन हुन् ?

(ग) घ च गौतामेको संस्मरणात्मक कृतिको नाम के हो ?

(घ) दुर्गाप्रसाद भण्डारी कुन विधाका सर्जकका रूपमा यस पाठ्यांशमा परेका छन् ?

(ङ) विश्वेश्वरप्रसाद कोइरालको 'जेल जर्नल' कुन विधाको कृति हो ?

**(e) नेपाली बाल साहित्य** **Full Marks: 50** **Time: $1\frac{1}{2}$ hrs**

१. नेपाली बालनाटकको परिचय दिई रमेश विकलको 'सिद्धार्थको करुणा' बाल एकाङ्कीका कोणबाट विवेचना गर्नुहोस् । १५

अथवा

नेपाली बाल कथाको परिचय दिई बालकथाको विकासक्रममा चरणहरूबारे विवेचना गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) प्रेमा शाहको 'आनन्दको आविष्कार' बाल उपन्यासको कथावस्तु र पात्र योजनामा के कस्ता विशेषता पाइन्छन् ?

(ख) रामबाबु सुवेदीको बाल काव्य 'पानी पानी'को काव्यशिल्प के कस्तो पाइन्छ ?

(ग) चूडामणि बन्धुको 'मोतीराम भट्टको जीवन'मा के कस्ता विशेषता पाइन्छन् ?

३. तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : ५×१.५=७.५

सुखमय पारी सब संसार
आयो रसिलो चाड तिहार
बन्दछ मानूँ सबको काम
खुसी छन् राजा रैती तमाम ॥

प्रश्नहरू :

(क) उपर्युक्त कवितांशका लेखक को हुन् ?

(ख) यो कविता कुन छन्दमा लेखिएको छ ?

(ग) यस कविताशमा कुन विषयमा वर्णन गरिएको छ ?

(घ) 'राजा-रैती खुसी हुनु' को तात्पर्य के हो ?

(ङ) उक्त कवितांशमा कुन अलङ्कार रहेको छ ?

४. तलका कुनै एक उद्धरणको प्रसङ्ग निर्देश गर्दै त्यसका वषयवस्तु, कथनपद्धति, भाषाशैली तथा



Question Bank Nepal

अन्य कलात्मक विशेषताबारे प्रकाश पार्नुहोस् । ७.५

(क) कहिले म त देख्दछु दृश्य नयाँ
कहिले सुखको दुखको दुनियाँ ।
अघिका जुग साथ म गर्छु कुरा
कति मोज छ चढ्नु किताब-चरो ।

('किताब-चरो'बाट)

(ख) आज गङ्गाले गङ्गा नदी जस्तै ठूलो महत्त्वको विषयमा यो सभामा आफ्नो विचार सुनाई । मलाई धेरै खुसी लाग्यो । सभापतिज्यू र अरू सहभागीहरूलाई पनि खुसी लाग्यो होला । हाम्रो घर भत्के हामीब्ले मात्र दु:ख पाउने हौं । पारी भत्के, पँधेरो भत्के, बाटो भत्के, साँघु भत्के, पाठशाला भत्के, अस्पताल भत्के धेरैलाई दु:ख हुन्छ । मैले पनि अरू के भनौं ।

('सातदिने सभा'बाट)

५. तलका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् : ५

(क) 'सुनको विहान' र 'किताब चरो' कृतिहरू कस कसले रचना गरेका हुन् ?
(ख) 'धाउरेको छोरो' र 'आनन्दको आविष्कार' कुन विधाका कृति हुन् ?
(ग) 'पानीको कथा' र 'अनौठो यात्र' कृतिका सर्जक को को हुन् ?
(घ) 'सुन पङ्खी चरी' र 'सिद्धार्थको करुणा' कुन विधाका कृति हुन् ?
(ङ) जनकप्रसाद हुमागाईका कुन कुन कृतिहरू यस पाठ्यांशमा समाविष्ट छन् ?

**(f) नेपालका विविध भाषाको साहित्यिक रूपरेखा Full Marks: 50 Time: $1\frac{1}{2}$ hrs**

१. नेपालको संस्कृत साहित्यको विकास प्रकृयाको चर्चा गर्दै यसका विधागत उपलब्धिबारे विवेचना गर्नुहोस् । १५

अथवा

नेवारी साहित्यमा नाट्यलेखन परम्पराको चर्चा गर्दै यसको वर्तमान स्थितिबारे समीक्षा गर्नुहोस् ।

२. कुनै चार प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : ४×७.५ =३०

(क) नेपालको मैथिली साहित्यको वर्तमान स्थिति के कस्तो छ ?
(ख) नेपालको थारु लोकसाहित्यको विशेषता के कस्ता छन् ?
(ग) भोजपुरी साहित्यको विकासमा क्रियाशील नेपालका साहित्यिक संघसंस्थाका उपलब्धि के कस्ता छन् ,
(घ) गुरुङ लोक नाटकका विशेषता के के हुन् ?
(ङ) शेर्पा भाषाको साहित्यिक अवस्था के कस्तो छ ?
(च) नेपालमा बोलिने अन्य भाषाका साहित्यिक उपलब्धि के के हुन् ?

३. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् : ५

(क) 'कुशलवोदयम्' नाटकका लेखक को हुन् ?
(ख) नेवारी साहित्यका आदि कवि कसलाई भनिन्छ ?
(ग) भोजपुरी गद्य साहित्यका लेखक को को हुन् ?
(घ) मगर भाषाका कुनै दुई आख्यानकार को को हुन् ?
(ङ) लिम्बू भाषाका कुनै दुई कवि को को हुन् ?

**(g) भारतीय नेपाली साहित्य Full Marks: 50 Time: $1\frac{1}{2}$ hrs**

१. भारतीय नेपाली समालोचनाको विकास प्रक्रियाबारे विवेचना गर्नुहोस् । १५



Question Bank Nepal

अथवा

लीलबहादुर क्षेत्रीका औपन्यासिक प्रवृत्तिको विवेचना गर्नुहोस् ।

२. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×७.५=१५

(क) 'चिहान नपाएका तक्माहरू'को मूल भाव के हो ?

(ख) 'कस्तो मानिस' कथाको मूल अभिप्राय के हो ?

(ग) 'जयमहाकाल' नाटकमा प्रमुख पात्रहरुका चारित्रिक विशेषता के कस्ता छन्?

३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् : ७.५

बितेका कुरालाई आउने जीवनसित नाता जोड्न दिँदा नाता रकमका विघ्नबाधा आइलाग्छन्, जीवनलाई बेस्वादिलो पारिदिन्छन् । अघिको कुरा, मानिस र अघि बसेको ठाउँ बिर्सेर हामी दुईले नयाँ कुरा, नयाँ मानिस र नयाँ ठाउँ लिएर आउने जीवनपट्टि पाइला आगे सार्यौं भने मात्र त्यो जीवनलाई हामी सुस्वादिलो बनाउन सकौंला । म साँच्चै आश्चर्यमा परें । युवतीको पनि गहिरो व्यावहारिक बुद्धि, देखेर दङ्ग परें ।

प्रश्नहरू :

(क) केले जीवनलाई बेस्वादिलो पार्छ ?

(ख) केले जीवनलाई सुस्वादिलो पार्छ ?

(ग) यहाँ कतातिर पाइला अगि सार्ने भनिएको छ ?

(घ) यसमा 'म' पात्र दङ्ग पर्ने कारण के हो ?

(ङ) यो अनुच्छेद कुन पाठबाट लिइएको हो?

४. तलका कुनै एक प्रश्नको भाव विचार, भाषाशैली तथा अन्य कलात्मक विशेषताहरूको व्याख्या गर्नुहोस् । ७.५

(क) वीरत्व तिम्रो निहुरेर रोएको छ त्यहाँ
अशक्तता तिम्रो लत्रनु परेको छ त्यहाँ

('युद्ध योद्धाबाट)

(ख) कहदेखि हिमाल राम्रो देखिन्छ, हेर्दै सर्दै यहाँ आइपुगेका छौं । अब कहीं कतै जान मन लाग्दैन । बिहान झ्याल खोलेर हिमाल हेर्ने घर हामी प्रत्येकको हुनुपर्छ ।

('हामीजस्तै मैनाकी आमा'बाट)

५. तलका प्रश्नको अतिसंक्षिप्त दिनुहोस् : ५

(क) 'आमा' महाकाव्यका स्थापिता को हुन् ?

(ख) 'कस्तो मानिस' कथाका प्रमुख पात्रको नाम के हो ?

(ग) 'जय महाकाल' कसको कृति हो ?

(घ) 'वसन्त बेला'का रचनाकार को हुन्?

(ङ) रामकृष्ण शर्माको पहिलो समालोचनात्मक कृति कुन हो ?

## Tribhuvan University, 2072

**A. अनुवाद विधि र कार्य**

1. शाब्दिक र यान्त्रिक प्रकाश पार्दै अनुवादका शसक्त र सीमा औंल्याउनुहोस् ।

अथवा

अनुवादमा अन्तरणको तात्पर्य स्पष्ट पार्दै यसका स्तरगत र संरचनागत स्वरूपबारे विवेचना गर्नुहोस् ।

2. कुनै तिन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् ३×७.५=२२.५

(क) अनुवादमा मूल पाठात्मक तुल्यताको तात्पर्य के हो ?

(ख) अनुवादको तुलनात्मक भाषविज्ञानसँग के कस्तो सम्बन्ध रहेको हुन्छ ?



Question Bank Nepal

(ग) अनुवादका सम्भावना भन्नाले के बुझिन्छ ?

(घ) अनुवादमा भाषाका शैलीगत भेदले के कस्तो प्रभाव पारेको हुन्छ ?

(ङ) अनुवादमा अर्थसिद्धान्तबाट निर्दिष्ट अवधारणाको प्रयोग कसरी गर्न सकिन्छ ?

3. तलको गद्यांशमा प्रयुक्त पद, पदावली, वाक्यांश र व्याकरणगत सम्बन्धको उपयुक्त प्रयोगका साथै वर्णविन्यासगत अशुद्धिहरूलाई समेत सच्याई सम्पादन गर्नुहोस् : ७.५

आजको युग सूचनाको युग हो । सूचनाका कैयन् माध्यमहरूबाट आजको मानिस लाभान्वित भएको छ । विश्वको जुनसुकै कुनाको खबर हामी तत्कालै पाई आएका छौं । ज्ञान, विज्ञान, शिक्षा, मनोरञ्जन लगायेत सबै विषयमा सूचनाबाट हामी धनि बन्न पाएँका छौं । टेलिभिजन, इन्टरनेट, मोबाइल, जस्ता नयाँ नयाँ साधनबाट हामी लाभान्वित भएका थियौं तर यी उपकरणसँगै भित्रिने खराब संस्कृतिको डर पनि त्यतिकै छ । आजका युवाले आफ्नो संस्कृति भुलेको छ । आयातीत संस्कृति भित्र्याएको छ । यसलाई सच्याउनु पर्नेछ ।

4. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् ५

(क) अनुवादमा रूपात्मक तुल्यता भनेको के हो ?

(ख) नेपालीका कुनै दुई एकभाषिक र द्वैभाषिक कोश कुन कुन हुन् ?

(ग) अंग्रेजी भाषाबाट नेपालीमा अनूदित कुनै दुई साहित्यिक कृति कुन कुन हुन् ?

(घ) वृहत् नेपाली शब्दकोश कस्तो कोश हो ?

(ङ) अनुवादको कुनै चार प्रकार के के हुन् ?

## B. पत्रकारिता

1. विद्युतीय पत्रकारिताको परिचय दिँदै नेपाली रेडियो पत्रकारिताको ऐतिहासिक सर्वेक्षण गर्नुहोस् ।

अथवा

साहित्यिक पत्रकारिताको अभिप्राय प्रस्तुत गर्दै नेपाली साहित्यिक पत्रकारिताको विकासक्रमको ऐतिहासिक सर्वेक्षण गर्नुहोस् ।

2. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) २००७ सालपूर्वको साहित्यिक पत्रकारिताका उपलब्धि के के हुन् ?

(ख) व्यङ्ग्यचित्र पत्रकारिताको विशेषता के के हुन् ?

(ग) टिप्पणी र सम्पादकीयमा के अन्तर छ ?

3. कुनै एक विषयमा प्रतिवेदन लेख्नुहोस् : ७.५

(क) २०७२ सालको महाभूकम्पले पुऱ्याएको क्षति

(ख) महाभूकम्पपछिको पुन: स्थापना कार्यक्रम

4. तपाईंले हेर्नुभएको कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताको समीक्षा गर्नुहोस् । ७.५

5. तलका प्रश्नको उत्तर दिनुहोस् : ५

(क) नेपालमा टेलिभिजनको प्रारम्भ कहिले भएको हो ?

(ख) राष्ट्रिय समाचार समिति र त्रिभुवन विश्वविद्यालयका संक्षिप्त रूप के के हुन् ?

(ग) 'आमसञ्चारका सिद्धान्तहरू' पुस्तकका लेखक को हुन् ?

(घ) छपाइ शुद्धिमा अलग्याउन र जोड्नका लागि कुन कुन चिह्न दिइन्छ ?

(ङ) पीतपत्रकारिताको तात्पर्य के हो ?

## C. वाक्कला

1. वाक्कलाको आशय स्पष्ट पार्दै आदर्श वक्ताका गुणहरूबारे विवेचना गर्नुहोस् । १५

अथवा

वाक्कलाको परिभाषा दिई अन्य शास्त्रसँग वाक्कलाको के कस्तो सम्बन्ध रहन्छ ? स्पष्ट पार्नुहोस् ।



Question Bank Nepal

2. तलका कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् : २×७.५=१५

(क) वाक्कलालाई प्रभावशाली सार्वजनिक अभिव्यक्तिको सिद्धान्त कसरी भन्न सकिन्छ ?

(ख) वाक्कला वक्ता र सरणि (च्यानेल) लाई विशिष्ट पक्ष मान्न सकिने आधारहरू के के हुन् ?

(ग) वादविवादको रचना गर्दा कुन कुन कुरामा विशेष ध्यान दिइन्छ ?

3. भूकम्पबाट बच्नका लागि तयार पारिने प्रचारात्मक उद्घोषमा कुन कुन कुरा समेटिएका हुन्छन् : ७.५

अथवा

क्याम्पसमा नव आगन्तुक विद्यार्थीहरूका लागि तयार पारिएको कार्यक्रमको रूपरेखा कस्तो हुन्छ ?

4. वाक्कलामा प्रवाहमयता र तार्किकताको सृजना कसरी हुन्छ ? ७.५

5. तलका प्रश्नको अतिसंक्षिप्त उत्तर दिनुहोस् : ५

(क) वाग्मिताको तात्पर्य के हो ?

(ख) वादविवाद र संवादमा के अन्तर छ ?

(ग) आदर्श वाक्कलाका कुनै दुई गुण के के हुन् ?

(घ) भाषण र प्रवचनमा पाइने मुख्य भिन्नता के हो ?

(ङ) प्रत्यक्ष प्रसारण र समाचार वाचने जस्ता वक्तृतामा पाइने प्रमुख भिन्नता के हो ?

C. रङ्गमञ्च

1. आधुनिक नेपाली रङ्गमञ्च र नाट्यालेखमा ध्वनि र प्रकाश व्यवस्थाले पारेको प्रभावको विवेचना गर्नुहोस् १५

अथवा

ग्रिसेली रङ्गमञ्च र प्राचीन भारतीय रङ्गमञ्चमा पाइने समानता र असमानताको विवेचना गर्नुहोस् ।

2. कुनै तिन प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ३×७.५=२२.५

(क) नेपाली लोक रङ्गमञ्चका प्रमुख विशेषता के के हुन् ?

(ख) पाश्चात्य रङ्गमञ्चको उद्भव कसरी भएको छ ?

(ग) नेपाली थियटर रङ्गमञ्चका प्रमुख विशेषता के के हुन् ?

(घ) रङ्ग सामग्री र रङ्ग सज्जा भन्नाले के बुझिन्छ ?

(ङ) कस्तो रङ्गमञ्चलाई खुला (सडक) रङ्गमञ्च भनिन्छ ?

3. पात्रहरूको आङ्गिक, वाचिक र आहार्य अभिनयका संकेतक टिप्पणीहरूका कोणबाट आफूले अध्ययन गरेको कुनै एक नाटकको विवेचना गर्नुहोस् । ७.५

अथवा

मञ्च सामग्री र सज्जा तथा दृश्य र पर्दाका कोणबाट आफूले अवलोकन गरेको कुनै एक नाटकको मञ्चनको विवेचना गर्नुहोस् ।

4. तलका प्रश्नको अतिसंक्षिप्त वस्तुगत उत्तर दिनुहोस् : ५

(क) बालकृष्ण समशेर अध्यक्ष रहेको पहिलो नाट्य संस्थाको नाम के हो ?

(ख) २००७ साल अघि नेपाली रङ्गमञ्चमा अभिनय गर्ने दुई प्रमुख व्यक्तिको नाम के हो ?

(ग) नेपालका दुई ठूला रङ्गमञ्च कुन कुन हुन् ?

(घ) नेपाली रङ्गमञ्चका बारेमा लेखिएका दुई कृति कुन कुन हुन् ?

(ङ) तपाईंले अध्ययन गरेको शैक्षिक सत्रमा नेपाली रङ्गमञ्चमा अभिनय भएको कुनै एक नेपाली नाटक र त्यो नाटक मञ्चन गर्ने संस्थाको नाम के हो ?

Question Bank Nepal